नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# "सम्पत्ति शुद्धीकरण तथा आताङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा क्यासिनो व्यवसायीलाई जारी गरिएको निर्देशन, २०७६"

पहिलो संशोधन : २०७९/०४/३०

पृष्ठभूमिः

सम्पत्ति शुद्धीकरण तथा आताङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर निवारण गर्ने सम्बन्धमा क्यासिनो व्यवसायमा स्वच्छता एवम् पारदर्शिता कायम गर्न तथा यस सम्बन्धी काम कारवाहीलाई थप व्यवस्थित तथा नियमन गर्न वाञ्छनीय भएकोले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७न को उपदफा (२) बमोजिम नेपाल सरकारको मिति २०७५/०७/२५ को निर्णयानुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई नियमनकारी निकाय तोकिएको हुँदा सोही ऐनको दफा ७प को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशनको नाम "सम्पत्ति शुद्धीकरण तथा आताङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा क्यासिनो व्यवसायीलाई जारी गरिएको निर्देशन, २०७६" रहेको छ ।

(२) यो निर्देशन जारी भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमा,-

(क) "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "क्यासिनो" भन्नाले पर्यटकको मनोरञ्जनको लागि परम्परागत रुपमा वा आधुनिक मेशीन वा उपकरणको माध्यमबाट क्यासिनो स्थलमा बाजी (बेट) राखी रकम जीत वा हार हुने गरी खेलिने खेल सम्झनु पर्छ।

(ग) "ग्राहक" भन्नाले सूचक संस्थाबाट सञ्चालित क्यासिनो खेलाडी सम्झनु पर्छ।



नि. सचिव

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

(घ) " नियमावली" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०७३ सम्झनुपर्छ।

(ङ) " मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

(च) "वित्तीय जानकारी इकाई" भन्नाले ऐनको दफा ९ बमोजिमको वित्तीय जानकारी इकाई सम्झनु पर्छ।

(छ) "विभाग" भन्नाले पर्यटन विभाग सम्झनु पर्छ।

(ज) "सूचक संस्था" भन्नाले कानून बमोजिम दर्ता भई इजाजत प्राप्त क्यासिनो व्यावसय सञ्चालन गरिरहेका क्यासिनो व्यावसायीलाई सम्झनु पर्छ।

३. <u>नीति तथा कार्यविधि बनाई लागू गर्नेः</u> सूचक संस्थाले ऐनको दफा ७त को उपदफा (१) बमोजिम नीति तथा कार्यविधि बनाई लागू गर्दा सोहि दफाको उपदफा (२) मा तोकिएका व्यवस्थाहरुका अतिरक्त देहायका विषयहरुलाई समेत समावेश गर्नु पर्नेछ :-

(क) क्यासिनोमा कार्यरत कर्मचारीको आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन,

(ख) ग्राहकको जोखिम मूल्याङ्कन प्रणालीको आधार तथा पद्धति,

(ग) जोखिमंमा आधारित ग्राहक तथा कारोवारको पहिचान तथा अद्यावधिक व्यवस्था,

(घ) अस्वभाविक तथा शङ्कास्पद कारोवारको पहिचान गर्ने आधार र पद्धति,

(ङ) ऐनको परिच्छेद ६ख र सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण (सूचीकृत व्यक्ति, समूह वा सङ्गठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० बमोजिम गर्नुपर्ने कार्यहरु सम्पन्न गर्ने पद्धति र

(च) ऐन, नियमावली र यो निर्देशन पालना गर्न आवश्यक पर्ने अन्य विषयहरु।

## परिच्छेद — ३

## ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी व्यवस्था

४. <u>ग्राहक पहिचान तथा सम्पुष्टि गर्ने :</u>(१) व्यवसायीले ऐनको दफा ७क र नियमावलीको नियम (४) तथा (५) बमोजिम ग्राहकको पहिचान तथा सम्पुष्टि गर्नुपर्नेछ।



नि. सचिव

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

(२) ग्राहक पहिचान तथा सो को सम्पुष्टि अनुसूची -१ बमोजिम गर्नु पर्नेछ। ऐन, नियमावली तथा यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा थप कागजात तथा विवरण लिन आवश्यक देखिएमा सो समेत लिनु पर्नेछ।

(३) ग्राहक पहिचान लगायत अन्य काम (कारोबार गर्दा ऐनको परिच्छेद ६ख तथा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (सूचीकृत व्यक्ति, समूह वा सङ्गठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० मा उल्लिखित व्यवस्थाको पालना भएको कुराको सुनिश्चित गर्नु पर्नेछ।

५. <u>जोखिममा आधारित उच्च पदस्थ व्यक्तिहरु पहिचान :</u> (१) सूचक संस्थाले ऐनको दफा ७ख को उपदफा (२) बमोजिम ग्राहकको रुपमा आउने उच्च पदस्थ व्यक्ति पहिचान गरी अद्यावधिक विवरण राख्नुपर्नेछ।

(२) उच्च पदस्थं व्यक्तिको पहिचान गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्न सकिनेछ :-

(क) ग्राहकबाट सूचना लिने,

(ख) सार्वजनिक रुपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने,

(घ) व्यवसायिक रुपमा उपलब्ध तथ्याङ्क लिने,

(ङ) सूचक संस्थाले देखेका अन्य उपायहरु।

६. <u>बृहत् ग्राहक पहिचान सम्बन्धमा:</u> (१) ऐनको दफा ७ङ को उपदफा (१) मा उल्लेख भएका ग्राहकहरुका अतिरिक्त देहाय बमोजिमका ग्राहकहरुसँग कारोबार गर्दा बृहत् ग्राहक पहिचान गर्नु पर्नेछः-

(क) उच्च जोखिम देखिएको ग्राहक,

(ख) कुनै कसुरजन्य वा शङ्कास्पद कार्यमा संलग्न हुन सक्ने आधार देखिएका ग्राहक।

(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विकासित सूचना प्रणाली, स्रोत र अभ्यासलाई समेटी समय समयमा पहिचानका आधार अद्यावधिक गर्नु पर्नेछ।

नि. सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

७. <u>सरलीकृत ग्राहक पहिचान सम्बन्धमा:</u> (१) ऐनको दफा ७च. र नियमावलीको नियम (९) बमोजिम सरलीकृत रुपमा पहिचान गरिएका ग्राहकहरुको विवरण समेत राख्नुपर्नेछ।

८. <u>ग्राहकको पहिचान अभिलेख अद्यावधिक गर्ने:</u>(१) ऐनको दफा ७छ को दफा उपदफा (१) बमोजिम विद्यमान ग्राहकको पहिचान तथा सम्पुष्टि अद्यावधिक गर्दा देहायको समयावधिमा गर्नु पर्नेछः-

(क) उच्च जोखिम देखिएका ग्राहकको कम्तीमा वर्षमा एक पटक,

(ख) ग्राहक पहिचान विवरण अनुरुप कारोबार मेल नखाएको अवस्थामा तत्काल,

(ग) ग्राहक पहिचान विवरणमा उल्लिखित सूचना, जानकारी तथा तथ्याङ्कको सत्यता वा पर्याप्तताको बारेमा शङ्का लागेको अवस्थामा तत्काल,

(घ) अन्य जोखिम भएको अवस्थामा जोखिम सापेक्ष हुने गरी व्यवसायीले निर्धारण गरे बमोजिम।

(२) ग्राहक पहिचानको अभिलेख अद्यावधिक गर्दा देहायका प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) प्रत्यक्ष, अप्रत्यक्ष र अनौपचारिक सूचनाको विश्लेषण गर्ने,

(ख) वित्तीय जानकारी इकाईमा पठाउनुपर्ने न्यूनतम सूचना र जानकारी सङ्कलन गर्ने,

(ग) अभिलेख अद्यावधिक हुन नसकेका ग्राहकको अलग्गै विवरण तयार गर्ने।

९. <u>जोखिम व्यवस्थापन:</u> (१) ऐनको दफा ७घ बमोजिम जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्दा ऐनको दफा ७घ को व्यवस्थाको अतिरिक्त देहायको आधारमा गर्नु पर्नेछः-

(क) राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदन,

(ख) सम्पत्ति शुद्धीकरण तथा आताङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन,

(ग) व्यवसायिक सम्बन्धको प्रकृति, उदेश्य र अवधि।

(२) जोखिमको व्यवस्थापन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) जोखिमलाई उच्च, मध्यम, न्यून तथा जोखिमको समीक्षाको आधारमा वर्गीकरण गर्ने,



नि.

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) जोखिम मूल्याङ्कन तथा सो को अद्यावधिक लिखित अभिलेख राख्ने,

(ग) त्यस्तो अभिलेख विभाग र अन्य सम्बद्ध निकायले माग गरेमा शीघ्र उपलब्ध गराउनु पर्ने,

(घ) जोखिम मूल्याङ्कनमा उच्च जोखिम देखिएका ग्राहकको हकमा बृहत् ग्राहक पहिचानको उपाय अवलम्बन गर्ने।

## परिच्छेद — ३

## जिम्मेवारी

१०. सीमा कारोबारः ऐनको दफा १०क. बमोजिम कुनै ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा रु १० (दश) लाख रुपैयाँ भन्दा बढी रकमको जीत वा हार गरेमा त्यस्तो कारोबारको विवरण कारोबार भएको मितिले १५(पन्ध्र) दिन भित्र अनुसूची - २ बमोजिमको ढाँचामा व्यवसायीले वित्तीय जानकारी इकाईमा उपलब्ध गराउनु पर्नेछ।

११. शङ्कास्पद कारोबारको प्रतिवेदन दिनुपर्ने : (१) ऐनको दफा ७घ बमोजिमको कुनै अवस्था विद्यमान भएमा व्यवसायीले अनुसूची-३ बमोजिमको ढाँचामा शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन तयार गरी ३ (तीन) दिन भित्र वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको मापदण्डलाई आधार मान्नुपर्नेछ।

(३) अनुसन्धान गर्ने निकायले अनुसन्धानको सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको अवस्थामा वा शङ्कास्पद देखिने नयाँ तथ्य वा विषय जानकारी प्राप्त गरेमा सो समेत वित्तीय जानकारी इकाईलाई अतिरिक्त सूचनाको रुपमा जानकारी दिन सकिनेछ ।

(४) व्यवसायीले शङ्कास्पद कारोबार तथा गतिविधि पहिचान गर्ने सूचक तयार गरी लागू गर्नु पर्नेछ र त्यस्ता सूचक समय-समयमा अद्यावधिक गर्नु पर्नेछ ।

१२. वित्तीय जानकारी इकाईको निर्देशन पालना गर्नुपर्ने :व्यवसायीले वित्तीय जानकारी इकाईले जारी गरेको कारोबार तथा शङ्कास्पद कारोबार सम्बन्धी निर्देशन तथा मार्गदर्शनको पालना गर्नु पर्नेछ।

१३. सूचनाको गोपनीयताः (१) व्यवसायी, व्यवासायीका पदाधिकारी, कर्मचारी तथा अन्य सम्बद्ध व्यक्तिहरुले ऐन, नियमावली तथा यस निर्देशन बमोजिम तयार गरिएको प्रतिवेदन,



नि. सचिव

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्नेछ।

(२) व्यवसायीले सीमा तथा शङ्कास्पद कारोबारको प्रतिवेदन वित्तीय जानकारी इकाईबाहेक अन्य कसैलाई दिन पाईने छैन। तर त्यस्ता प्रतिवेदनमा उल्लेख भएका व्यक्तिको नाम नामेसी बाहेक सङ्ख्या, रकम, प्रकार, प्रकृति आदि बारेमा सम्बन्धित निकायलाई जानकारी दिन यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(३) कसैले ग्राहक वा अन्य कुनै व्यक्तिलाई कुनै प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी उपलब्ध गराएको पाइएमा ऐनको दफा ३७ बमोजिम बचाउ हुने अवस्थामा बाहेक अन्य अवस्थामा दफा ४४क बमोजिम सजाय हुनेछ।

१४. <u>आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्ने :</u>(१) ऐन, नियमावली, र यो निर्देशन बमोजिम व्यवसायीले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रुपमा पूरा गर्न, गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति र साधन स्रोतको समुचित व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित व्यवसायी, सञ्चालक समिति, व्यवस्थापन समिति वा त्यस्तै प्रकृतिको अन्य समिति, संस्था वा व्यक्तिको हुनेछ।

(२) व्यवसायीले ऐनको दफा ७त को उपदफा (३) बमोजिम व्यवस्थापनस्तरको सम्पर्क व्यक्ति तोक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएका व्यक्तिको नाम, थर, ठेगाना, फोन नं., इमेल, योग्यता लगायतका विवरण विभागमा तथा वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ।निजको विवरण परिवर्तन भएमा सो को जानकारी समेत विभाग तथा वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त सम्पर्क व्यक्तिले ऐनको दफा ७त को उपदफा (४)मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त देहाय बमोजिमको जिम्मेवारी समेत पूरा गर्नु पर्नेछ :-

(क) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने,

(ख) ऐन, नियमावली र यो निर्देशन बमोजिमको कार्य प्रभावकारी रुपमा गर्न नीति, कार्यविधि र प्रणालीको मस्यौदा तयार गरी पेश गर्ने,



नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

नि. सचिव

(ग) आफ्नो कार्यालयका पदाधिकारी, कर्मचारी र अन्य व्यक्तिबाट ऐन, नियमावली र यो निर्देशन बमोजिम प्राप्त शङ्कास्पद वा अस्वाभाविक कारोबार सम्बन्धी सूचना प्राप्त गरी जाँचबुझ गर्ने,

(घ) आफ्नो कार्य सम्पादन गर्न अन्य शाखा वा पदाधिकारीसँग आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना सरल तरिकाले जुनसुकै बखत प्राप्त गर्न सक्ने,

(ङ) सरोकारवालाहरुबाट ऐन, नियमावली र यो निर्देशन पालना भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

(५) सम्पर्क व्यक्तिले ऐन, नियमावली र यो निर्देशन कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगराउने सम्बन्धित व्यवसायीका पदाधिकारी वा कर्मचारीलाई कारवाहीको सिफारिश गर्नु पर्नेछ र सो सिफारिश बमोजिम सम्बन्धित व्यवसायीले कारवाही गर्नु पर्नेछ । त्यसरी गरेको कारवाहीको जानकारी विभाग र वित्तीय जानकारी इकाईलाई समेत गराउनु पर्नेछ ।

(६) ऐन, नियमावली र यस निर्देशनको पालनालाई प्रभावकारी एवं परिणाममुखी बनाउनका लागि व्यवसायीले संस्थागत क्षमता अभिवृद्धिका अतिरिक्त लगानीकर्ता, व्यवस्थापन र कर्मचारीहरुलाई अभिमुखीकरण वा तालिमको व्यवस्था मिलाउनु पर्दछ ।

१५. मान्यताको पालना:(१) व्यवसायीले ऐन, नियमावली तथा यस निर्देशनको अनुकुल हुने गरी सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा, वित्तीय लगानी सम्बन्धी प्रणालीको व्यवस्थापन गर्दा सोसँग सम्बन्धित Financial Action Task Force (FATF) लगायत अन्तर्राष्ट्रिय संस्थाले क्यासिनो सम्बन्धी प्रकाशन गरेको अध्ययन तथा प्रतिवेदनलाई समेत आधार लिन सक्नेछ ।

(२) व्यवसायीले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण लगायत अन्य गैर कानूनी तथा आपराधिक कार्यको नियन्त्रणमा कमजोर देखिएका मुलुकको सूची तयार तथा अद्यावधिक गरी राख्नु पर्नेछ ।

१६. अभिलेख व्यवस्थापन:(१) व्यवसायीले ऐनको दफा ७द र नियमावलीको नियम १२ बमोजिम तयार भएका विववरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचनाहरु व्यवसायिक सम्वन्ध अन्त्य भएको वा कारोवार भएको मितिले पाँच वर्ष सम्म सुरक्षित राख्नुपर्नेछ । साथै, उपरोक्त विवरणहरु आवश्यक परेको बखत तत्काल उपलव्ध गराउन सकिने गरी विद्युतीय माध्यममा समेत अभिलेख



नि. सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

राख्नुपर्नेछ । यसरी राखेको अभिलेख कानुनी कारवाहीको सिलसिलामा प्रमाण स्वरुप प्रयोग गर्न सकिने गरी दुरुस्त राख्नु पर्नेछ ।

(२) यस दफा बमोजिम राखिने अभिलेख एकिकृत र व्यवस्थित तवरले राख्नु पर्नेछ ।

(३) व्यवसायीले आफ्नो कारोवार गर्न गराउन आफ्ना कर्मचारी, परिवारका सदस्य वा अन्य कुनै व्यक्तिको खाता प्रयोग गर्न पाइने छैन ।

(४) व्यवसायीले आफ्ना कर्मचारीको विवरण प्रत्येक आर्थिक वर्षको शुरुमा विभाग र वित्तीय जानकारी इकाईलाई दिनु पर्नेछ । र सोमा कुनै परिवर्तन भएमा त्यस्तो मितिले १५ दिन भित्र अद्यावधिक गराउनु पर्नेछ ।

१७. प्रतिवेदन तथा परीक्षणः (१) व्यवसायीले यो बमोजिम सम्पादन गरेका कार्यहरुको चौमासिक प्रतिवेदन अनुसूची-४ को ढाँचामा उक्त अवधि सकिएको सात दिनभित्र विभागमा पठाउनु पर्नेछ ।

(२) व्यवसायीले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी प्रचलित कानून बमोजिम भए गरेका काम कारवाहीको मूल्याङ्कन, लेखापरीक्षण लगायत अन्य सम्परीक्षण गर्ने व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद — ४

## कारवाही तथा सजाय

१८. कारवाही तथा सजायः (१) ऐन, नियमावली तथा यस निर्देशनका व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने व्यवसायी र त्यस्तो व्यवसायीका कर्मचारी तथा पदाधिकारीहरुलाई ऐन बमोजिम कारवाही हुनेछ ।

(२) उपदफा (१) बमोजिम कारवाही गर्दा विभागले कम्तीमा पन्ध्र दिनको समय दिई ऐनको दफा ७फ. को उपदफा (५) बमोजिम स्पष्टीकरण सोधन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सोधिएको स्पष्टीकरणको जवाफ नदिएमा वा दिएको जवाफ चित्तबुझ्दो नभएमा वा ऐन, नियमावली तथा यस निर्देशनको पालना नभएको अवस्थामा उल्लंघनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा ऐनको दफा ७फ, बमोजिम विभागको सिफारिसमा मन्त्रालयले गर्ने कारवाहीको सामान्य आधार देहाय बमोजिम हुनेछ ।



सचिव

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | पालना नभएकोमा ऐनमा व्यवस्था | कारवाहीको प्रकार |
|---|---|---|
| १ | ऐनको दफा ७त, बमोजिम यस निर्देशनले दिएको समय भित्र नीति तथा कार्यविधि नबनाएमा । | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने ।<br>२. दोस्रो पटक १० लाख रुपैयाँ जरिवाना गर्ने ।<br>तेस्रो पटक २० लाख रुपैयाँ देखि गाम्भीर्यताका आधारमा ५० लाख रुपैयाँसम्म जरिवाना गर्ने । |
| २ | ऐनको दफा ७ क बमोजिम ग्राहक पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने ।*<br>२. दोस्रो पटक १० लाख रुपैयाँ जरिवाना गर्ने ।*<br>३. तेश्रो पटक २० लाख रुपैयाँ देखि गाम्भीर्यताका आधारमा ५० लाख रुपैयाँसम्म जरिवाना गर्ने ।* |
| ३ | ऐनको दफा ६ विपरीत बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | १. गाम्भीर्यताका आधारमा १० लाख रुपैयाँ देखि पाँच करोड रुपैयाँसम्म जरिवाना गर्ने । |
| ४ | ऐनको दफा ७ग बमोजिम वास्तविक धनीको पहिचान गर्ने, ऐनको बृहत पहिचान गर्ने तथा पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने ।*<br>२. दास्रो पटक १० लाख रुपैयाँ जरिवाना गर्ने ।*<br>३. तेस्रो पटक २० लाख रुपैयाँ देखि गाम्भीर्यताका आधारमा ५० लाख रुपैयाँसम्म जरिवाना गर्ने ।* |
| ५ | ऐनको दफा ७घ बमोजिम व्यवस्थापन भएको नपाइएमा | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने ।*<br>२. दास्रो पटक १० लाख रुपैयाँ जरिवाना गर्ने । *<br>३. तेश्रो पटक २० लाख रुपैयाँ देखि गाम्भीर्यताका आधारमा ४० लाख रुपैयाँसम्म जरिवाना गर्ने ।* |
| ६ | ऐनको दफा ७झ बमोजिम निरन्तर अनुगमन सम्बन्धी व्यवस्था नभएमा | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने ।*<br>२. दोस्रो पटक १० लाख रुपैयाँ जरिवाना गर्ने ।*<br>३. तेस्रो पटक २० लाख रुपैयाँ देखि गाम्भीर्यताका आधारमा ५० लाख रुपैयाँसम्म जरिवाना गर्ने ।* |

* पहिलो संशोधनद्वारा संशोधित

नि. सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| ७ | ऐनको दफा १०क, बमोजिम सीमा कारोबारको पहिचान गर्ने प्रणाली नभएमा | १. पहिलो पटक १० लाख रुपैयाँसम्म जरिवाना गर्ने ।* <br> दोस्रो पटक १० लाख रुपैयाँ देखि गाम्भीर्यताका आधारमा १ करोड रुपैयाँसम्म जरिवाना गर्ने ।* |
| ८ | ऐनको दफा ७ध बमोजिम शङ्कास्पद कारोबारको पहिचान गर्ने प्रणाली नभएमा | १.पटक १० लाख रुपैयाँसम्म जरिवाना गर्ने ।* <br> २.दोस्रोपटक २० लाख रुपैयाँ देखि गाम्भीर्यताका आधारमा १ करोड रुपैयाँसम्म जरिवाना गर्ने ।* |
| ९ | ऐनको दफा ७त को उपदफा (३) बमोजिम कार्यान्वयन अधिकारी नियुक्त नगरेको वा व्यवसायीले निर्देशनको दफा २२ को उपदफा (२) बमोजिम कर्तब्य पूरा गरेको नपाइएमा | १.पहिलो पटक लिखित रुपमा सचेत गराउने ।* <br> २.दोस्रो पटक १० लाख रुपैयाँ जरिवाना गर्ने ।* <br> ३.तेस्रो पटक २० लाख रुपैयाँ देखि गाम्भीर्यताका आधारमा ५० लाख रुपैयाँसम्म जरिवाना गर्ने ।* |
| १० | सञ्चालक समिति वा व्यवस्थापनले गर्नुपर्ने समीक्षा नगरेमा | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने ।* <br> २. दास्रो पटक २० लाख रुपैयाँ जरिवाना गर्ने ।* <br> ३. तेस्रो पटक ३० लाख रुपैयाँ देखि गाम्भीर्यताका आधारमा १ करोड रुपैयाँसम्म जरिवाना गर्ने ।* |
| ११ | संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि नगरेमा | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने ।* <br> २. दोस्रो पटक १० लाख रुपैयाँ जारिबाना गर्ने ।* <br> ३. तेस्रो पटक २० लाख रुपैयाँ देखि गाम्भीर्यताका आधारमा ५० लाख रुपैयाँसम्म जरिवाना गर्ने ।* |
| १२ | तोकिएका विवरणहरुको अभिलेख नराखिएमा वा तोकिएको समयसम्म सुरक्षित नराखिएमा | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने ।* <br> २. दास्रो पटक २० लाख रुपैयाँ देखि गाम्भीर्यताका आधारमा ५० लाख रुपैयाँसम्म जरिवाना गर्ने ।* <br> ३. तेस्रो पटक १ करोड रुपैयाँ देखि गाम्भीर्यताका आधारमा २ करोड रुपैयाँसम्म जरिवाना गर्ने ।* |
| १३ | ऐनको दफा ७ध, बमोजिम सीमा वा शङ्कास्पद कारोवार प्रतिवेदन समयमा नपठाएमा | १. ऐनको दफा १० को उपदफा (७) बमोजिम वित्तीय जानकारी इकाईले १० लाख |

* पहिलो संशोधनद्वारा संशोधित



नि. सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| | | रुपैयाँसम्म जरिवाना गर्नसक्ने । |
| १४ | ऐन, नियम, निर्देशनमा उल्लेख भएका अन्य विषयको पालना नभएमा | १. पहिलोपटक लिखितरुपमा सचेत गराउने ।*<br>२. दोस्रो पटक १० लाख देखि ५ करोड रुपैयाँसम्म जरिवाना गर्ने ।* |

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागको सिफारिसमा मन्त्रालयले कारवाही गर्दा व्यवसायीको आर्थिक तथा साङ्गठनिक अवस्था, पालनाका लागि भएका प्रयास र कसूरको गाम्भीर्यता समेतको विचार गरी प्रभावकारी, आनुपातिक र निरोधात्मक हुने गरी कारवाही गर्नेछ ।

तर उल्लंघनको गाम्भीर्यताको विचार गरी ऐनको दफा ७फ. बमोजिमको कुनै वा सबै कारवाही गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(५) व्यवसायीलाई यस दफा बमोजिम कारवाही वा सजाय भएमा र त्यस्तो सजाय उक्त व्यवसायीको कुनै पदाधिकारी वा कर्मचारीको काम कारवाहीको कारणले भएको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई सम्बन्धित व्यवसायीले प्रचलित कानून वा विनियमावली बमोजिम कारवाही गर्नु पर्नेछ ।

## परिच्छेद- ५
## विविध

१९. व्यवसायीको दायित्व: यस निर्देशनमा उल्लेख नभएका तर ऐन तथा नियमावलीमा उल्लेख गरिएका विषयमा ऐन तथा नियमावली बमोजिम र यस निर्देशनमा उल्लेख गरिएका विषयमा यसै निर्देशन बमोजिम व्यवसायीले आफ्नो काम, कर्तव्य र दायित्व पूरा गर्नु गराउनु पर्नेछ ।

२०. व्याख्या गर्ने अधिकार : यो निर्देशनको व्याख्या गर्ने अधिकार मन्त्रालयका सचिवको रहनेछ ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

नि. सचिव

* पहिलो संशोधनद्वारा संशोधित

## अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

**ग्राहकको पहिचान तथा जाँचसँग सम्बन्धित कागजात तथा विवरण:**

१. व्यवसायीले आफ्ना ग्राहकको सही रुपमा पहिचान तथा सोको सम्पुष्ट गर्न देहाय बमोजिमको उपाय अपनाउनु पर्नेछ :

(क) कारोबार वा व्यवसायिक सम्बन्ध तथा सोको उद्देश्य वा लक्षित प्रकृतिको बारेमा उपयुक्त सूचना वा जानकारी लिने,

(ख) ग्राहक प्राकृतिक व्यक्ति भएमा ऐनको दफा ७क को उपदफा २ बमोजिम तोकिएंका कागजात समेतका आधारमा निजको नाम ठेगाना र जन्म मिति लगायतका विवरण प्राप्त गर्ने,

(ग) ग्राहकको पहिचान तथा कारोबार सम्बन्धी दायित्व पूरा गर्न ग्राहक, कारोबार वा व्यवसायको प्रकार तथा प्रकृतिका सम्बन्धमा आवश्यक अन्य सूचना वा जानकारी लिने,

(घ) विभागले तोकिदिएका अन्य उपाय अलवम्बन गर्ने ।

२. ऐनको दफा ७क को उपदफा (२) को प्रयोजनको लागि व्यवसायीले ग्राहकको पहिचान गर्दा ग्राहकको देहाय बमोजिमको न्यूनतम विवरण लिनु पर्नेछः-

(क) पूरा नाम,

(ख)स्थायी र हालको बसोबास वा कार्यरत निकायको पूरा ठेगाना र तत्काल सम्पर्क गर्ने सकिने माध्यम सम्बन्धी विवरण,

(ग) जन्म मिति र लिङ्ग,

(घ) आमा बाबु वा आमा वा बाबु मध्ये कुनै एकको पूरा नाम,

(ङ) राष्ट्रियता खुल्ने राहादानी, नागरिकता वा अन्य कुनै परिचयपत्र ।

३. ग्राहकको पहिचान गर्ने कागजातको जाँचबुझ गर्नु पर्नेःव्यवसायीले ऐनको दफा ७क बमोजिम ग्राहक पहिचानको लागि जाँचबुझ गर्दा देहाय बमोजिमका सक्कल कागजात हेरी त्यसको जाँचबुझ गर्नु पर्नेछ :

(क) राहदानी,

नि. सचिव

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

(ख) राहदानी नभएका भारतीय नागरिकको हकमा भारतीय कानून बमोजिम नागरिक हो भनी दिएको प्रमाण पत्र, परिचयपत्र,

(ग) शरणार्थीको हकमा सम्बन्धित सरकारी वा अन्तर्राष्ट्रिय निकायले दिएको परिचयपत्र।

।

नि. सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(दफा १३ सँग सम्बन्धित)

<u>व्यवसायीले वित्तीय जानकारी इकाईमा पेश गर्ने सीमा कारोबार विवरण /प्रतिवेदनको सामान्य ढाँचा:</u>

व्यवसायीको नाम:

| क्र.स | ग्राहकको नाम तथा ठेगाना र पासपोर्ट नं. ( भारतीय नागरिकको हकमा परिचय खुल्ने कागजात)(व्यक्ति तथा संस्था समेत) | पेशा व्यवसाय | कारोबार स्थान | कारोबार मिति | जीत वा हार भएको रकम | रकमको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

विवरण पेश गर्नेको हस्ताक्षर:

(कार्यान्वयन अधिकृत/ आधिकारिक प्रतिनिधि)

नाम :

पद :

फोन :

इमेल:

फ्याक्स:

मिति:

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची-३

(दफा ११ सँग सम्बन्धित)

**( Suspicious Transaction Report (STR)**

A. Reporting Institution :

1. Name of the institution / Branch......................................

B. Details of Customer:

1. a. Name of the Customer..............................

b. Suspected Beneficial Owner......................

2. a. Permanent Address ..............................

b. Present Address......................................

3. Profession :..............................................

4. Nationality:...............................................................

5. Other business (If any):

6. a. Citizenship No./ PP no./ Other ID No./Regd.No........

b. Issue Date and Place

c. Issuing Agency/ Authority...............................

7. a. Father's Name..............................................

b. Mother's Name..............................................

c. Spouse's Name :.............................................

d. Grand Father's Name:.........................................

e. Chairman/MD/ Proprietor:.................................

8. Date of Birth (Natural Person)...............................

Date of Establishment (Legal Person)....................

C. Reason for Considering the Transaction (s) as Unusual/ Suspicious

- Summary of Suspicious Activities
- Analysis or Examination
- Possible Linkage

D. Suspicious Activity Information/Typology:

Summarize characterization of suspicious activity /Please specify the typologies (As Per Act FATF Guideline):

a.Corruption/ Gratuity e. False Statement i. Structuring

प्रि.

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

b. Cheque Fraud

c. Tax Evasion

d. Loan Fraud

f. Debit/Credit/ or other card Fraud

g. Identity Theft

h. Terrorist Financing

j. Mysterious Disappearance/Behavior

k. Counterfeit Instrument

l. Misuse of Position or Self

Other (please specify):..........................................................................

E. Has the institution taken any action in this context? Give details

Signature(Compliance Officer or Authorized Officer):

Name:

Designation:

Date:

Phone:

Email:

Fax

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प्रि.

## अनुसूची-४

(दफा १७ सँग सम्बन्धित)

### प्रतिवेदनको ढाँचा

(क)व्यवसायीको नाम, ठेगाना :.........................................

साल........... महिना............

(ख)विवरण

१. नीति तथा कार्यविधि जारी गरेको मितिः

२. नीति तथा कार्याविधि अध्यावधिक गरेको मितिः

३. जोखिम मूल्याङ्कन सम्पन्न गरेको मितिः

४. जोखिम मूल्याङ्कन अध्यावधिक गरेको मिति :

| सि.न | विवरण | आ.ब | प्रथम अर्धवार्षिक | दोश्रो अर्ध वार्षिक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | ग्राहक सङ्ख्या | | | | | |
| २ | पहिचान अद्यावधिक भएका ग्राहकको सङ्ख्या | | | | | |
| ३ | पहिचान अद्यावधिक हुन नसकेका ग्राहक को सङ्ख्या | | | | | |
| ४ | पहिचान पूरा नभएका कारण सम्बन्ध अन्त्य गरिएका ग्राहकको सङ्ख्या | | | | | |
| ५ | उच्च जोखिममा परेका ग्राहकको सङ्ख्या | | | | | |
| ६ | मध्यम जोखिममा परेका ग्राहकको सङ्ख्या | | | | | |
| ७ | न्यून जोखिममा परेका ग्राहकको सङ्ख्या | | | | | |
| ८ | बृहत् पहिचान गरिएका ग्राहकको सङ्ख्या | | | | | |
| ९ | उच्च पदस्थ पदाधिकारी सङ्ख्या | | | | | |
| १० | वास्तविक धनी पहिचान गरिएका | | | | | |

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाण्डौ
सचिव
नि.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग्राहकको सङ्ख्या | | | | | |
| ११ | अनुगमन गरिएका ग्राहकको सङ्ख्या | | | | | |
| १२ | सीमा कारोबार प्रतिवेदनको सङ्ख्या | | | | | |
| १३ | शंकास्पद कारोबार प्रतिवेदनक सङ्ख्या | | | | | |
| १४ | क्षमता अभिबृद्धि<br>(क) पदाधिकारी<br>(ख) कर्मचारी<br>(ग) संस्थागत प्रणाली | | | | | |

(ग) उक्त अवधिमा गरिएका प्रमुख गतिविधि तथा चुनौतिः

(घ) आगामी कार्ययोजना :

विवरण पेश गर्नेको हस्ताक्षरः

(कार्यान्वयन अधिकृत/ आधिकारिक प्रतिनिधि)

नाम :

पद :

फोन :

इमेलः

फ्याक्सः

मितिः

नि. सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ